वैठक नं. ८

मितिः २०७६।०९।०७

समयः विहान ८.०० बजे

आज मिति २०७६ साल ~~मंसिर~~ पौष ७ गते मायादेवि गाउपालिका रुपन्देहीका अध्यक्ष श्री ध्रुवनारायण चौधरी ज्युको अध्यक्षतामा तपशिल बमिजिमको उपस्थितीमा गाउँ कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

<u>तपशिल</u>

| | |
|---|---|
| अध्यक्ष श्री ध्रुवनारायण चौधरी | अध्यक्ष |
| उपाध्यक्ष श्रीतारादेवी यादव | उपाध्यक्ष |
| वडाध्यक्ष श्री पल्टु लोध | सदस्य |
| वडाध्यक्ष श्री रामनारायण थारु | सदस्य |
| वडाध्यक्ष श्री मोहम्मद रफिक खाँ | सदस्य |
| वडाध्यक्ष श्री धनपाल मल्लाह | सदस्य |
| वडाध्यक्ष श्री रामचन्द्र यादव | सदस्य |
| वडाध्यक्ष श्री राजेन्द्र यादव | सदस्य |
| वडाध्यक्ष श्री रामाशंकर यादव | सदस्य |
| वडाध्यक्ष श्री चोकवहादुर थापा | सदस्य |
| श्री जसोदा कोहाईन | सदस्य |
| श्री रिना चौधरी | सदस्य |
| श्री सकुन्तला बनीया अग्रहरी | सदस्य |
| श्री सीतादेवी विश्वकर्मा | सदस्य |
| श्री विक्रम वहादुर सुनार | सदस्य |
| श्री अशोक कुमार लोध | सदस्य |
| श्री विष्णु प्रसाद ढुङ्गाना | सदस्य |

<u>आमन्त्रित</u>

श्री ओमेश कुमार गैरे — लेखा अधिकृत

श्री पम्फा पन्थ — अधिकृत छैठौं

प्रस्तावहरु

१ घरनक्सा पास चौकिल्ला सिफारिस सम्बन्धमा

२ महादेवा नाका र धमौली नाका सम्बन्धमा

३ हाटबजार र पोखरीको ठेक्का सम्बन्धमा

४ लुम्बिनी गार्डेन फाउन्डेसन सँग mou गर्ने सम्बन्धमा

५ विशेष अनुदान मार्फत प्राप्त योजना सम्बन्धमा

६ smart कृषि परियोजना सम्बन्धमा

७ o and m गर्ने सम्बन्धना

८ कर्मचारीहरु सेवा करार मा लिने सम्बन्धमा

९ आगामि आ व को लागि विशेष र समपुरक तर्फका योजना केन्द्र र प्रदेशमा माग गर्ने सम्बन्धमा

१० खोप कार्यक्रम सम्बन्धमा ।

११ विभिन्न उद्योग बाट शुल्क दस्तुर उठाउने सम्बन्धमा ।

१२ शिक्षक व्यवस्थापन सम्बन्धमा

निर्णयहरु

निर्णय नं. १. प्रस्तव नं १ माथि छलफल गर्दा मायादेवी गाउपालिका भित्र घर नक्सा पास गर्दा घर धनीले सम्बन्धित वडा बाट चौकिल्ला सिफारिस गरि ल्याउनुपर्ने सम्बन्धमा सिफारिस दस्तुर बापत रु ५५०- पाच सय पचास आगामि गाउसभावाट अनुमोदन गराउने गरि लिने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं २ माथि छलफल गर्दा मायादेवी गाउपालिका रुपन्देहिको आन्तरिक आय संकलन सडक मर्मत तथा वातावरण शुल्क उठाउने –ठेक्का बन्दोवस्त प्रयोजनको लागि आ.व २०७५-०७६ मा मायादेवी गाउपालिका वडा नं १ मा पर्ने धमौली नाकाको ठेक्का रु ७०१०००/ रु सात लाख एक हजार र वडा नं २ मा, पर्ने महदेवा नाकाको ठेक्का रु ६०००००/ छ लाख मात्रमा मायादेवी ०२ मल्लाहटोल बस्ने पुर्णवासी तेलीले बोल सकार गरेकोमा विविध कारणबस उक्त नाकाहरुको ठेक्का मिति २०७५-०७-१२ गते देखि स्थगित भइ सम्मानित उच्च अदालत तुलसीपुर बुटवल इजलास बुटवलको निर्णय नं ४६ को आदेश बमोजिम सम्बन्धित ठेकेदारलाइ रकम फिर्ता दिनु भनि मिति २०७६-०७-०५ गते प्रमाणिकरण भएकोमा निज पुर्णवासी तेली लाइ ठेक्का सम्झौता गरेको मिति २०७५-०४-०७ गते देखि मिति २०७५-०७-१२ गते सम्मको मायादेवी गाउपालिका वडा नं १ मा पर्ने धमौली नाका र वडा नं २ मा पर्ने महदेवा नाकामा रकम असुल गर्न प्रयोग गरेको रसिदको अर्धकट्टि बुझी सो बराबरको रकम कट्टा गरि बाँकी हुन रकम फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा मायादेवी गाउपालिका रुपन्देहिको आन्तरिक आय सकलन सडक मर्मत तथा वातावरण शुल्क उठाउने –ठेक्का बन्दोवस्त प्रयोजनको लागि आव २०७६-७७ को लागि मिति २०७६-०७-१५ गते प्रकासित सुचनाअनुसार अन्य ठेक्का को लागि कुनै दरभाउपत्र नपरेको र ठेक्का नं ११ सुक्रौली बजारको ठेक्काको म्याद भित्र १ वटा मात्र दरभाउपत्रदाताको दरभाउपत्र परेकोले सो दरभाउपत्र रद्द गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा लुम्बिनि साँस्कृतिक नगरपालिका र वरिपरिका पालिका हरु सँग समेत लुम्बिनि गार्डेन फाउण्डसन स्पेन ले शिक्षा ,कृषि, स्वास्थ्य फोहोर व्यवस्थापन र खेलकुद लगायतको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगको आदान प्रदान र भाइचाराको सम्बन्ध स्थापित गरि आवश्यक कार्य अगाडि बढाउन उक्त सँस्था सँग mou गरि आवस्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

नं.५ प्रस्ताव नं ५ माथि छलफल गर्दा डेंचहवा पिपरहवा पचविरुवा सडक कालोपत्रे सडक निर्माण लाइ योजना पुस्तिकामा रु ५०००००० । विनियोजन भएको ,समपुरक अनुदान स्वरुप राष्ट्रिय योजना आयोग बाट प्राप्त हुने रु ११८००००० । र समपुरक का लागि नपुग रु ६८००००० । ,वरेवा सुकौली हाटवजार देखि वरेवा उच्च मावि सम्म बाटो निर्माण को लागि योजना पुस्तिकामा रु २५००००० । विनियोजन भएको ,समपुरक अनुदान स्वरुप राष्ट्रिय योजना आयोग बाट प्राप्त हुने रु ४१००००० । र समपुरक का लागि नपुग रु१६००००० । र वेथरी उत्तर टोलमा सडक स्तरोन्नति का लागि योजना पुस्तिकामा रु २५००००० । विनियोजन भएको ,समपुरक अनुदान स्वरुप राष्ट्रिय योजना आयोग बाट प्राप्त हुने रु ४९००००० । र समपुरक का लागि नपुग रु २४००००० । गरी जम्मा समपुरक कोष को लागि नपुग रकम रु १०८००००० । योजना पुस्तिका को पेज नं ६५ र सि.नं ९७ मा मा उल्लेखित समपुरक कोष —खर्च शिर्षक नं ३११५१ बाट विनियोजन गरि उक्त आयोजना हरु संचालन गर्ने निर्णय गरियो ।

नं.६ प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउपालिका अन्तर्गत smart village परियोजना सँन्चालनका लागि रु ५० लाख प्रदेश भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बाट प्राप्त हुने र सोको लागि २०'प्रतिसत ले हुन आउने रु १० लाख लागत सहभागिता गर्नु पर्ने हुदा सो मध्ये को रु २५०००० । दुइलाख कृषकले र रु ७५०००० । सात लाख पचास हजार गाउपालिका ले व्यहोर्ने गरि उक्त कार्यक्रम सँन्चालन गर्ने निर्णय गरियो ।

नं.७ प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउपालिकाको जनसँख्याको आधारमा गर्नु पर्ने सेवा प्रवाहको लागि आवस्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि आवस्यक स्रोत र संभावनालाइ समेत आँकलन गरि बस्तुगत ढंगले कार्यगत क्षेत्रको आधारमा गाँउकार्यपालिकाको कार्यालय र वडा कार्यालय समेत को लागि विज्ञ टोली समेत को o and m टोली गठन गरि o and m गर्ने निर्णय गरियो ।

नं.८ प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउपालिका का इन्जिनियर अमिन ल्याब टेकिनसियन र कम्प्युटर अपरेटर लगायतका पदमा दैनिक ज्यालादारिमा कामकाज गराइराखेकोमा उक्त पदहरुमा प्रचलित प्रकृया बमोजिम सेवा करारको माध्यमबाट कर्मचारीहरु व्यवस्थापन गर्ने निर्णय गरियो ।

नं.९ प्रस्ताव नं ९ माथि छलफल गर्दा आगामि आ व को लागि विशेष र समपुरक तर्फका योजना बलि पुष मसान्त भित्र तर्जुमा गरि केन्द्र र प्रदेशमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १०- प्रस्ताव नं १० माथि छलफल गर्दा आगामि पुष १४ गते नेपालकै पहिलो अभियानको रुपमा बालबालिकाको शारिरिक स्वास्थ्य परिक्षण गरेर मात्र खोप लगाउने नीति रहेअनुसार सो सम्बन्धमा माननीय प्रदेश सामाजिक विकास मन्त्री सुदर्सन वरालको प्रमुख आतिथ्यमा मा यस क्षेत्रका प्रदेश माननिय सभासदको विशिष्ट आतिथ्यताबाट सँचालन हुने कार्यक्रम रहेकोले कार्यपालिकाका सबै पदाधिकारीहरुको अनिवार्य उपस्थिति रहने निर्णय गरियो ।

निर्णय नं. ११- प्रस्ताव नं ११ माथि छलफल गर्दा यस मायादेवी गाउपालिका मा रहेका विभिन्न सिमेन्ट ,इटा र छड उद्योगहरु बाट वातावरण तथा पुर्वाधार सेवा सुल्क दस्तुर उठाउने सम्बन्धमा उक्त उद्योगहरु लाइ सो सम्वन्धि पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. १२-प्रस्ताव नं १२ माथि छलफल गर्दा सामुदायीक विद्यालयहरुमा शिक्षकको अभावमा शिक्षण सिकाइ कार्य प्रभावित नहोस र सबै बालबालिकाको लागी गुणस्तरिय शिक्षाको सुनिश्चतता प्रदान गर्न सहज विद्यालय वातावरण निर्माणका लागी तपसिल अनुसारका विद्यालयहरुमा निम्न अनुसार शिक्षक व्यवस्थापन गर्ने गरी मायादेवी गाउँ शिक्षा समितिको मिति २०७६/०८/२४ गतेको शिफारिस समेतका आधारमा प्रति विद्यालय अधिक्तम अनुदान संलग्न प्रस्ताव अनुसार भन्दा बढी नहुने गरी शिक्षक व्यवस्थापन र खर्चको आधारमा शिक्षक व्यवस्थापन अनुदान प्रदान गर्ने निर्णय गरियो।

शिक्षक व्यवस्थापनका आधार

क.गाउँपालिकाले प्रा.वि.,नि.मा.वि. र मा.वि. तहमा शिक्षक व्यवस्थापनका लागी प्रति अनुदान संख्या क्रमश ११०००/- ,१४०००/- र १६०००/- का दरले अधिकतम बाह्र महिना सम्मको रकम उपलब्ध गराउने

ख.उक्त रकम बाट बिद्यालयले हाल कार्यरत निजिश्रोत,पि.सि.एफ का रुपमा विगत देखि कार्यरत शिक्षकहरुलाइ तलब खुवाउने साथै आ.व. २०७४/०७५ मा शिक्षा विकास तथा समन्वय इकाइ रुपन्देही बाट शिक्षण सिकाइ अनुदान प्राप्त गरी शिक्षक व्यवस्थापन गरेका विद्यालयले हाल त्यस्तो अनुदान नपाएको सन्दर्भमा त्यस्ता शिक्षकको सेवा निरन्तर भएमा सो वापत खर्च गर्ने

ग.नियमानुसार शिक्षक नियुक्ति र व्यवस्थापनको जवाफदेहिता सम्बन्धित विद्यालयको रहने

घ.हाल कार्यरत निजिश्रोत र पि.सि.एफ. शिक्षक लाइ २०७६ साल मंसिर महिना देखि र शिक्षण सिकाइअनुदानमा रहेका शिक्षकहरु लाइ सो अनुदान रकम तलबमा भुक्तानी भइ सकेको मिति देखि अनुदान व्वस्थापन गरीने

ङ.यस गा.पा.बाट शिक्षक व्यवस्थापन अनुदान बाट तलब भत्ता खाने सबै(निजि,पि.सि.एफ. र शिक्षण सिकाइ अनुदानमा रहेका) लाइ गा.पा.श्रोत शिक्षक व्यवस्थापन अनुदान शिक्षकका रुपमा रहने

च.खाली रहेको वा खाली हुने शिक्षक नियुक्ति गर्दा अनिवार्य रुपमा गा.पा.बाट अनुमति लिनु पर्ने

छ.यो निर्णय मितिदेखि गा.पा.को अनुमति विना शिक्षक नियुक्ति विद्यालयले गरेमा त्यसको दायित्व गा.पा.ना नरहने

मायादेवी गाउँपालिका रुपन्देही

आ.व २०७६।२०७७

विगत देखि विद्यालयहरुमा निजि श्रोत पिसिएफ शिक्षण सिकाइ अनुदान शिक्षकको रुपमा रहेका शिक्षकका लागी यस गापाबाट र शिक्षण सिकाइको लागी संघिय अनुदान दिइदै आएकोमा सोको व्यवस्थापनका लागी यस गापाको विद्यालयगत शिक्षक तहगत अनुदान संख्या र लागत अनुमान प्रस्ताव

| क्र.स. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | प्रा.वि. अनुदान संख्या | मासिक सहयोग दर | मासिक जम्मा | नि.मा.वि अनुदान संख्या | मासिक सहयोग दर | मासिक जम्मा | मा.वि अनुदान संख्या | मासिक सहयोग दर | मासिक जम्मा | तिनै तहका लागि मासिक जम्मा | एक वर्षको लागि लाग्ने सहयोग रकम रु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री नव जागृति आ.वि. | मायादेवी १ | १-८ | ० | ११००० | ० | २ | १४००० | २८००० | ० | १६००० | ० | २८००० | ३३६००० |
| २ | श्री जन जागृति नि.मा.वि. | मायादेवी १ | १-८ | ० | ११००० | ० | २ | १४००० | २८००० | ० | १६००० | ० | २८००० | ३३६००० |
| ३ | श्री जनहित प्रा.वि. | मायादेवी १ | १-५ | ० | ११००० | ० | ० | १४००० | ० | ० | १६००० | ० | ० | ० |
| ४ | श्री मन्तेश्वर प्रा.वि. | मायादेवी २ | १-४ | २ | ११००० | २२००० | ० | १४००० | ० | ० | १६००० | ० | २२००० | २६४००० |
| ५ | श्री तितौरी नि.मा.वि. | मायादेवी २ | १-८ | १ | ११००० | ११००० | ३ | १४००० | ४२००० | ० | १६००० | ० | ५३००० | ६३६००० |
| ६ | श्री मिलरुवा मा.वि. | मायादेवी २ | १-१० | ० | ११००० | ० | ३ | १४००० | ४२००० | १ | १६००० | १६००० | ५८००० | ६९६००० |
| ७ | श्री जनता प्रा.वि. | मायादेवी ३ | १-५ | ३ | ११००० | ३३००० | ० | १४००० | ० | ० | १६००० | ० | ३३००० | ३९६००० |
| ८ | श्री डरेला मा.वि.डरेला | मायादेवी ३ | १-१२ | १ | ११००० | ११००० | १ | १४००० | १४००० | ० | १६००० | ० | २५००० | ३०००० |
| ९ | श्री सेमरी मा.वि.सेमरी | मायादेवी ४ | १-१० | १ | ११००० | ११००० | ० | १४००० | ० | ० | १६००० | ० | ११००० | १३२००० |
| १० | श्री मुर्ली मा.वि.बनकसिहा | मायादेवी ४ | १-१० | ४ | ११००० | ४४००० | २ | १४००० | २८००० | २ | १६००० | ३२००० | १०४००० | १२४८००० |
| ११ | श्री हाजी ऐनायतुल्लाह मा.मा.वि. | मायादेवी ५ | १-१२ | ० | ११००० | ० | ० | १४००० | ० | ० | १६००० | ० | ० | ० |
| १२ | श्री बनौली प्रा.वि. | मायादेवी ५ | १-५ | १ | ११००० | ११००० | ० | १४००० | ० | ० | १६००० | ० | ११००० | १३२००० |
| १३ | श्री लुकडहवा मा.वि. | मायादेवी ५ | १-१० | २ | ११००० | २२००० | २ | १४००० | २८००० | ० | १६००० | ० | ५०००० | ६००००० |
| १४ | श्री कोटही माई प्रा.वि. | मायादेवी ५ | १-५ | २ | ११००० | २२००० | ० | १४००० | ० | ० | १६००० | ० | २२००० | २६४००० |
| १५ | श्री गुलबाली माई मा.वि. | मायादेवी ५ | १-१० | ३ | ११००० | ३३००० | १ | १४००० | १४००० | १ | १६००० | १६००० | ६३००० | ७५६००० |
| १६ | श्री तिलाइ मा.वि.थेपरी | मायादेवी ६ | १-६ | २ | ११००० | २२००० | ३ | १४००० | ४२००० | १ | १६००० | १६००० | ८०००० | ९६०००० |
| १७ | श्री सरस्वती प्रा.वि. शिवपुर | मायादेवी ६ | १-५ | १ | ११००० | ११००० | ० | १४००० | ० | ० | १६००० | ० | ११००० | १३२००० |
| १८ | श्री गौरगढी राम दुलारे मिश्र मा.वि. | मायादेवी ७ | १-१० | १ | ११००० | ११००० | २ | १४००० | २८००० | ० | १६००० | ० | ३९००० | ४६८००० |
| १९ | श्री सिद्धार्थबाल निकेतन केदार पाण्डेय | मायादेवी ७ | १-१० | ० | ११००० | ० | ३ | १४००० | ४२००० | ० | १६००० | ० | ४२००० | ५०४००० |
| २० | श्री जनचेतना आ.वि. | मायादेवी ८ | १-८ | २ | ११००० | २२००० | २ | १४००० | २८००० | ० | १६००० | ० | ५०००० | ६००००० |
| जम्मा | | | | २६ | | २८६००० | २६ | | ३६४००० | ५ | | ८०००० | ७३०००० | ८७६०००० |